# अपाङ्गता भएका व्यक्तिहरुको संस्था तथा मिलिजुली समूह गठन र परिचालन कार्यविधि २०७७

**पृष्ठभूमीः**


गढी गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता र स्वामित्वमा कार्यक्रमहरु तर्जुमा गर्न, कार्यक्रम कार्यान्वयन गर्न, प्रतिफलमा पहुँच अभिवृद्धि गर्न साथै अनुगमन तथा मुल्याङकन प्रकृयामा समेत सक्रिय सहभागिता सुनिश्चित गर्न पालिका स्तरमा अपाङ्गता भएका व्यक्तिहरुलाई संगठीत गर्न आवश्यक हुन्छ । यसै प्रयोजनका लागि पालिका स्तरमा अपाङ्गता भएका व्यक्तिहरुको संस्था, वडा तथा टोल स्तरमा मिलिजुली समुह गठन र परिचालन गर्न यो कार्यविधि तयार गरिएको छ ।

## १. उद्देश्यः

अपाङ्गता भएका व्यक्तिहरु (बौद्धिक अपाङ्गता अटिजम र श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुका हकमा परिवारका सदस्यहरु) लाई संगठीत गरी उनीहरुको आर्थिक,सामाजिकर राजनैतिक सहभागिता अभिबृद्धि गर्न बचत गर्ने बानीको विकास, सिकाई आदान प्रदान, आपसी सहयोग अभिबृद्धि साथै अपाङ्गता भएका व्यक्तिहरुका अधिकार प्राप्ती पहुँचयुक्त वातावरण तथा समावेशी समुदाय निर्माणका लागि आवश्यक पैरवी गर्नु अपाङ्गता भएका व्यक्तिहरुको संस्था र मिलिजुली समूहको मुख्य उद्देश्य हो ।

## २. संगठनात्मक संरचनाः

प्रत्येक पालिकामा अपाङ्गता भएका व्यक्तिहरुको एउटा संस्था हुनेछ भने हरेक वडामा एउटा वडास्तरको मिलिजुली समूहका साथै टोल स्तरमा अपाङ्गता भएका व्यक्तिहरुको बसोवासको संख्या वा आवश्यक्ताका आधारमा मिलीजुली समूहहरु गठन हुनेछन् । एउटा पालिकामा अपाङ्गता भएका व्यक्तिहरुको संस्था र मिलिजुली समूहहरुको सांगठनीक ढाँचा निम्नानुसार हुनेछ ।




## ३. अपाङ्गता भएका व्यक्तिहरुको संस्था तथा मिलिजुली समूहहरु गठन विधिः

### क) गढी गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरुको संस्था गठनः

गढी गाउँपालिकामा अपाङ्गता भएका व्यक्तिहरुको संस्थाको गठन विधी देहाय अनुसार हुन्छ ।

- गढी गाउँपालिका भित्र रहेका सम्पुर्ण वडाबाट प्रतिनिधित्व हुने गरी अपाङ्गगता भएका व्यक्तिहरुको भेला गर्ने । यदि पालिका भित्र वडा स्तरिय मिलिजुली समूहको गठन पहिले नै भएको अवस्थामा प्रत्येक मिलिजुली समुहहरुवाट अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्यहरुको भेला गर्ने। बौद्धिक अपाङ्गता अटिजम र श्रवण दृष्टिविहिन अपाङ्गताको हकमा निजलाई प्रत्यक्ष पालनपोषण गर्ने नीजहरूका अभिभावक अथवा सदस्यलाई आमन्त्रण गर्ने ।
- सो कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालमा आवद्ध जिल्लामा कृयाशील सस्थाका प्रतिनिधी (भएको खण्डमा), पालिकाका प्रमुख, उप प्रमुख तथा प्रशासकिय अधिकृत, करुणा फाउण्डेसन नेपालको जिल्ला प्रतिनिधीलाई बोलाउने।

- सो भेलामा अपाङ्गता भएका व्यक्तिहरुको संस्था गठनका विषयमा छलफल गर्ने र संस्था गठन गर्ने विषयमा सहमती निर्माण आपसी सहमती वा प्रजातान्त्रीक विधी द्वारा संस्था गठन गर्ने ।
- प्रत्येक वडाबाट प्रतिनिधित्व हुने गरी कम्तिमा ११ सदस्य छानेर संस्थाको कार्य समिति निर्माण गर्ने । समिति निर्माण गर्दा सम्भव भए सम्म दसै प्रकारका अपाङ्गता भएका व्यक्तिहरवाट ४० प्रतिशत महिला समावेशी सुनिश्चित गर्ने ।
- यसरी चुनिएका सदस्यहरु मध्येबाट सर्वसहमतीका साथ एक जना अध्यक्ष, एक जना उपाध्यक्ष, एक जना सचिव जना सह-सचिव एक जना कोषाध्यक्ष र बाँकी सदस्यहरुको चयन गर्ने ।
- संस्थाको कार्य समितिको म्याद ३ वर्षको राखे र प्रत्येक ३ वर्षमा नयाँ कार्य समितिको चयन गर्ने ।
- संस्था गठन भई सकेपछि संस्थाको कानुनी अस्तित्व स्थापनाका लागि सम्बन्धीत पालिकामा दर्ता गर्ने ।
- यदि यो कार्यक्रम शुरु हुनु भन्दा अगावै पालिकामा अपाङ्गता भएका व्यक्तिहरुको संस्था गठन भई संचालनमा रहेको छ भने एक कार्यकाल त्यही समितिलाई काम गर्ने जिम्मेवारी दिने ।
- पालिकामा एक भन्दा बढि अपाङ्गता भएका व्यक्तिहरुको संस्था गठन भई संचालनमा रहेका छन् भने पालिकाले सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गर्ने कुनै एक संस्थालाई अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमका लागि फोकल संस्थाको रुपमा चयन गर्ने ।

ख) वडा स्तरमा मिलिजुली समूह गठनः

- वडा भित्र रहेका अपाङ्गता भएका व्यक्तिहरुको भेला गर्ने । बौद्धिक अपाङ्गता अटिजम र श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुका हकमा परिवारका सदस्यहरुलाई आमन्त्रण गर्ने ।
- सो कार्यक्रममा अपाङ्गता भएका व्यक्तिहरुको पालिका स्तरीय संस्थाको अध्यक्ष एवं प्रतिनिधीहरु र स्थानीय जनप्रतिनिधीहरु (वडा अध्यक्ष र सदस्यहरु) लाई पनि बोलाउने ।

- भेलामा वडा स्तरीय मिलिजुली समूहहरुको आवश्यक्ता, औचित्य र महत्वका सम्बन्धमा छलफल गरी वडा स्तरीय मिलिजुली समूह गठनमा सहमती बनाउने ।
- वडा स्तरीय मिलिजुली समूह संचालनका लागि एक समिति गठन गर्ने । समितिमा एक जना अध्यक्ष, एक जना उपाध्यक्ष, एक जना सचिव, एक जना सह-सचिव,एक जना कोषाध्यक्ष र ४ जना सदस्यहरुको छनौट गर्ने ।
- वडा स्तरिय मिलिजुली समूहमा वडाको अध्यक्ष संरक्षक र समुदायमा आधारित पुनर्स्थापना सहजकर्ता सल्लाहकारको रुपमा रहने ।
- समितिको म्याद ३ वर्षको हुने । तीन वर्ष पश्चात समिति पुनर्गठन गर्ने ।
- वडा स्तरीय मिलिजुली समूहमा सवै टोल स्तरिय मिलिजुली समूहहरुको प्रतिनिधीत्व गराउने ।

ग) टोल स्तरमा मिलिजुली समूहहरु गठनः

- वडाका प्रत्येक टोलमा रहेका अपाङ्गता भएका व्यक्ति हरुको भेला गर्ने । बौद्धिक अपाङ्गता अटिजम र श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुका हकमा परिवारका सदस्यहरुलाई आमन्त्रण गर्ने । भेलामा समूह गठनको आवश्यकता र औचित्यका बारेमा छलफल गर्ने ।
- समूह गठनमा सामुहिक सहमती बनाएर टोलमा रहेका सवै व्यक्तिहरुको सहभागिता हुने गरी एउटा समूह बनाउने ।
- यदि एउटा टोलमा १५ जना भन्दा बढी अपाङ्गता भएका व्यक्तिहरु रहेछन् भने एक भन्दा बढी समूह बनाउन सकिने ।
- एउटा टोलमा थोरै मात्र (५ भन्दा कम) अपाङ्गता भएका व्यक्तिहरु रहेछन भने दुई वटा टोलमा रहेका अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका परिवारका सदस्यहरुलाई मिलाएर मिलीजुली समूहहरु गठन गर्ने ।
- समूहमा एक जना अध्यक्ष, एक जना सचिव र एक जना कोषाध्यक्ष चुन्ने र अरु सबैलाई सदस्य बनाउने ।

➢ टोल मिलिजुली समूहको अध्यक्ष, सचिवको र कोषाध्यक्षको पधावदी ३ वर्षको हुने । तीन वर्ष पश्चात अध्यक्ष, सचिव र कोषाध्यक्ष पुनः चयन गर्नुपर्ने ।

**४. अपाङ्गता भएका व्यक्तिहरुको संस्थार मिलिजुली समूहको सदस्य हुन आवश्यक न्यूनतम योग्यताः**

देहायको न्यूनतम योग्यता भएका व्यक्तिहरु र अपाङ्गता भएका व्यक्तिहरुको संस्था र मिलिजुली समूहहरुको सदस्य हुन सक्नेछन् ।

क) अपाङ्गता भएका व्यक्तिहरुको संस्थाको सदस्यः

- ➢ सम्बन्धित पालिकामा स्थायी वसोबास गर्ने अपाङ्गता भएको व्यक्ति । बौद्धिक अपाङ्गता अटिजम र श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुका हकमा उनीहरुको परिवारको सदस्य ।
- ➢ अपाङ्गता परिचय पत्र प्राप्त गरेको व्यक्ति ।
- ➢ १८ वर्ष उमेर पुरा भएको ।

ख) वडा मिलिजुली समूहको सदस्यः

- ➢ सम्बन्धित वडामा स्थायी वसोबास गर्ने अपाङ्गता भएको व्यक्ति । बौद्धिक अपाङ्गता अटिजम र श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुका हकमा उनीहरुको परिवारको सदस्य ।
- ➢ अपाङ्गता परिचय पत्र प्राप्त गरेको व्यक्ति ।
- ➢ १८ वर्ष उमेर पुरा भएको ।

ग) टोल मिलिजुली समूहको सदस्यः

- ➢ सम्बन्धित टोलमा बसोबास गरिरहेको अपाङ्गता भएको व्यक्ति । बौद्धिक अपाङ्गता अटिजम र श्रवण दृष्टिविहिन अपाङ्गता भएका व्यक्तिहरुका हकमा उनीहरुको परिवारको सदस्य ।
- ➢ १८ वर्ष उमेर पुरा भएको ।

**५. सदस्यता खारेज हुने अवस्थाः**

देहायका अवस्थामा अपाङ्गता भएका व्यक्तिहरुको संस्था र मिलिजुली समूहका सदस्यहरुको सदस्यता खारेज हुनेछ ।

- खराब आचरण देखाएमा,
- समूह वा संस्थाको आर्थिक हिनामिना गरेमा,
- आफु बसेको पालिकाबाट बसाई सरेर अन्यत्र गएमा,
- सदस्य स्वंयले सदस्यता परित्याग गर्न चाहेमा ,
- मृत्यु भएमा ।

**६.संस्था तथा समूहलाई प्रभावकारी परिचालन गर्नका लागि देहायका कामहरुमा ध्यान दिनु पर्दछ ।**

- तालिका वनाई समूहको नियमित (कम्तीमा पनि मासिक) बैठक गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरु र उनीहरुका परिवारका सदस्यहरुको सशक्तिकरण सम्बन्धी तालिमहरु प्रदान गर्ने,
- सदस्यहरुलाई निरन्तर सूचना र जानकारी दिने,
- समूह मार्फत बचत तथा ऋण परिचालन कार्यक्रम संचालन गर्ने,
- अनुभव, सिकाई र भोगाईको आदान प्रदान गर्ने,
- अपाङ्गता भएका व्यक्तिहरु माथि हुने विभेद, शोषण र हिंसा विरुद्ध संगठित आवाज उठान गर्ने ,
- अपाङ्गता भएका व्यक्तिहरुको अर्थपुर्ण सहभागितामा जोड दिने,
- निष्कृय सदस्यहरुलाई उत्प्रेरणा जगाई समूहमा आबद्ध गराईरहने,
- अपाङ्गता भएका व्यक्तिहरुले हासिल गरेका सफलताका कथाहरु सुनाउने,

**७. अपाङ्गता भएका व्यक्तिहरुको संस्था र मिलीजुली समूहहरुको भुमिका तथा कार्यहरुः**

अपाङ्गता भएका व्यक्तिहरुलाई संगठित गरी उनीहरुलाई परिचालन गर्न अपाङ्गता भएका व्यक्तिहरुको संस्था र मिलीजुली समूहहरुको महत्वपुर्ण भुमिका हुन्छ । संस्था र मिलिजुली समूहहरुले जती सक्रिय रुपमा काम गर्दछन अपाङ्गता भएका व्यक्तिहरुले त्यती नै सेवा, सुविधा र अधिकार प्राप्त गर्न सफल हुन्छन् ।

क) अपाङ्गता भएका व्यक्तिहरुको संस्थाको भुमिका तथा कार्यहरुः

**संस्थाको भुमिका र कार्यहरु निम्नानुसार रहनेः**

- संस्थाको मासिक बैठक संचालन तथा बैठकबाट भएका निर्णयहरुलाई अभिलेख गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन र नियमित रुपमा अपडेट गर्ने ।
- अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमले लक्षित वर्गलाई फाइदा पुऱ्याए नपुऱ्याएको अनुगमन गर्ने ।
- सिविआर सहजकर्ताले गरेको कामको अनुगमन गर्ने ।
- वडा स्तरीय तथा टोल स्तरीय मिलिजुली समूहहरुको सवलीकरण र सशक्तिकरण गर्ने ।
- पालिकामा रहेका प्रत्येक वडा स्तरीय मिलिजुली समूह परिचालनका लागि संस्थाका कार्यसमितिका एक एक जना सदस्यलाई जिम्मेवारी तोक्ने ।
- अपाङ्गता भएका व्यक्ति तथा उनीहरुका परिवारका सदस्यहरुका लागि उद्यमशीलता, आय आर्जन तथा सिपमुलक तालिमहरु संचालन गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुको रोजगारीका लागि सरोकारवालाहरुसँग बहस, छलफल र पैरवी गर्ने
- अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रममाका प्रत्येक गतिविधीहरुमा सक्रिय सहभागीता जनाउनुका साथै कार्यक्रमको प्रभावकारीता अनुगमन गर्ने ।
- वडा मिलिजुली समूहहरुबाट संचालन हुने बचत तथा ऋण कार्यक्रमको अनुगमन गर्ने ।
- अपाङ्गताका क्षेत्रमा कार्यक्रम तर्जुमा गर्न वडा तहको कार्यक्रम तर्जुमा भेलाहरुमा सक्रिय सहभागिता जनाउने र अपाङ्गताका क्षेत्रमा प्रभावकारी कार्यक्रमहरु बनाउन तथा बजेट छुट्याउन वडा तथा पालिकालाई अनुरोध गर्ने ।
- अपाङ्गताका क्षेत्रमा काम गर्ने संघ संस्थाहरुसँग समन्वय गरी अपाङ्गता भएका व्यक्तिहरुलाई सेवा सुविधा दिलाउन सहयोग गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका लागि सरोकारवाला निकायहरुसँग निरन्तर बहस, छलफल र पैरवी गर्ने ।

मालती

- सहकारी निर्माणका लागि नेतृत्व गर्ने, सहकारी संचालन गरी अपाङ्गता भएका व्यक्ति र उनको परिवारमा आर्थिक एवं सामाजिक रुपमा शसक्तिकरण गर्नमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने ।
- आफ्नो पालिकामा निर्माण हुने सार्वजनिक संरचनाहरु (जस्तै विद्यालय,स्वास्थ्य संस्था, वडा भवन आदी) अपाङ्गता मैत्री बनाउन पहल र पैरवी गर्ने ।
- वडा तथा टोल स्तरिय मिलिजुली समूहहरुमा कुनै समस्या आए त्यसको निराकरण गर्ने

**ख) वडा स्तरिय मिलिजुली समुहको भुमिका तथा कार्यहरुः**

- वडा स्तरिय मिलिजुली समुहको नियमित बैठक गर्ने तथा बैठकका निर्णयहरुलाई अभिलेख गर्ने ।
- समूहको बैठकका लागि पत्राचार गर्ने, बैठकको माइन्युट लेख्ने र प्रशासनिक काम गर्ने जिम्मेवारी समूहको सचिवले गर्ने ।
- टोल स्तरिय मिलिजुली समुहहरुको गठन र परिचालन गर्ने ।
- प्रत्येक टोल स्तरिय मिलिजुली समूह परिचालन गर्न वडा स्तरिय मिलिजुली समूहको कार्य समितिमा रहेका एक एक जना सदस्यलाई जिम्मेवारी दिने ।
- बचत तथा ऋण कार्यक्रम संचालन गर्ने ।
- समूहको बचत तथा ऋण लगानीको हिसाबा किताब राख्ने, अन्य आम्दानी खर्चको हिसाब किताब राख्ने र समूहको कोषको संरक्षण गर्ने जिम्मेवारी कोषाध्यक्षको हुनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको रोजगारीका लागि सरोकारवालाहरुसँग बहस, छलफल र पैरवी गर्ने
- अपाङ्गता भएका व्यक्तिहरुको अधिकारका विषयमा आम नागरिकलाई सूसुचित गराउने ।
- नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुका लागि व्यवस्था गरेको सेवा सुविधाहरु अपाङ्गता भएका व्यक्तिहरुले पाए नपाएको एकिन गर्ने । नपाएको भए सो सेवा उपलब्ध गराउन पहल गर्ने ।

- आफ्नो वडामा अपाङ्गता भएका व्यक्तिहरु माथि हुने शोषण, विभेद र हिंसा विरुद्ध आवाज उठाउने ।
- आफ्नो वडामा निर्माण हुने सार्वजनिक संरचनाहरु (जस्तै विद्यालय,स्वास्थ्य संस्था, वडा भवन आदी) अपाङ्गता मैत्री बनाउन पहल र पैरवी गर्ने ।
- पालिकाले आफ्नो वडामा अपाङ्गताका क्षेत्रमा विनियोजन गर्ने रकमको सही सदुपयोग गर्ने गराउने ।
- अपाङ्गता भएका व्यक्तिहरुको सहभागिता बृद्धि गर्ने कार्यक्रमहरु संचालनका लागि पहल गर्ने ।
- वडामा हुने हरेक विकास निर्माणका कामहरुमा अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधीत्व गर्ने गराउने ।
- अपाङ्गता रोकथाम तथा पुर्नस्थापना कार्यक्रमलाई बजेट विनियोजन गर्न वडाका जनप्रतिनिधीसँग छलफल, समन्वय एवम् पैरवी गर्ने ।
- वार्षिक योजना निर्माण कार्यक्रममा सहभागी भई समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम तथा अपाङ्गता रोकथाम कार्यक्रम बनाउने ।
- अपाङ्गताका शिर्षकमा वडाबाट विनियोजन हुने रकम यसै कार्यक्रम मार्फत परिचालन गर्ने ।
- कार्यक्रमहरु कार्यान्वयनका लागि समुदायमा आधारित पुनर्स्थापना सहजकर्तालाई सहयोग गर्ने ।
- सिविआर सहजकर्ताले गरेको कामको अनुगमन गर्ने ।
- समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम अन्तर्गत हुने प्रत्येक कार्यक्रममा सहभागिता जनाउने ।
- कार्यक्रमले लक्षित वर्गलाई फाइदा पुऱ्याए नपुऱ्याएको अनुगमन गर्ने ।

**ग) टोल स्तरीय मिलिजुली समूहहरुको भुमिका तथा कार्यहरुः**

- अपाङ्गता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुको परिचय पत्र बनाउन सहयोग गर्ने ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई स्वावलम्बन समूहमा आबद्ध गराउने।

- मासिक रुपमा समूहको बैठक संचालन गर्ने र बैठकबाट भएका निर्णयहरुको अभिलेख राख्ने ।
- समूहको बैठकमा अपाङ्गता भएका व्यक्तिहरुका समस्याहरुका बारेमा छलफल गर्ने ।
- समुहका सदस्यहरुबाट मासिक रुपमा तोकिएको बचत संकलन गर्ने र वडा स्तरिय मिलिजुली समुहमा बचत पठाउने ।
- वडा मिलिजुली समूहबाट ऋण लिएका सदस्यहरुबाट ऋणको किस्ता संकलन गरी वडा मिलिजुली समूहमा पठाउने ।
- समुहका सदस्यलाई ऋण चाहिएमा ऋण लगानीका लागि वडा स्तरिय मिलिजुली समुहमा सिफारीस गर्ने ।
- समुहको बैठकको माईन्युट लेख्ने, बचत संकलन र जम्मा गरेको हिसाब किताब राख्ने, ऋण लगानीका लागि सिफारीस गरेको पत्र लेख्ने जिम्मेवारी समूहको सचिवको हुनेछ ।
- पालिकाको बार्षिक कार्यक्रममा आफ्ना विषयहरु समाविष्ट गराउन टोल स्तरिय कार्यक्रम तर्जुमा बैठकरभेलाहरुमा सहभागि हुने एवं तथ्यगत रुपमा आफ्ना मुद्धाहरु राख्ने ।

**८. संरक्षक र सहजकर्ता सम्बन्धी व्यवस्थाः**

वडा तथा टोल मिलिजुली समूहहरु र अपाङ्गता भएका व्यक्तिहरुको संस्थाको संरक्षक र सहजकर्ता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

- अपाङ्गता भएको व्यक्तिहरुको संस्था: संस्थाको संरक्षक सम्बन्धित गाउँरनगरपालिकाको उपाध्यक्ष वा उपप्रमुख हुनेछ भने पालिकामा कार्यरत सबै समुदायमा आधारित पुनर्स्थापना सहजकर्ताहरुले सस्थालाई आवश्यक्ता अनुसार सहयोग गर्ने ।
- वडा मिलिजुली समूह: वडा स्तरिय मिलिजुली समूहको संरक्षक सम्बन्धीत वडाको वडाध्यक्ष हुनेछन् भने पालिकामा रहने सहजकर्ताहरुले सम्बन्धीत वडाको समुदायमा आधारीत पुनर्स्थापना सहजकर्ताको रुपमा सहयोग गर्ने।

- टोल मिलिजुली समूहः टोल स्तरिय मिलिजुली समूहको संरक्षक सम्बन्धीत वडाको वडाध्यक्षले तोकेको वडासदस्य हुनेछ भने सहजकर्ता सम्बन्धीत वडाको समुदायमा आधारीत पुनर्स्थापना सहजकर्ता हुनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुको संस्था र मिलिजुली समूह संचालनमा समुदायमा आधारित पुनर्स्थापना सहजकर्ताको भुमिका देहाय अनुसार हुनेछ ।
- वडा तथा टोल मिलिजुली समूहका मासिक बैठक संचालनमा सहजीकरण गर्ने ।
- समुह सदस्यहरुको समूह प्रतिको काम,कर्तव्य तथा जिम्मेवारीका बारेमा जानकारी गराउने ।
- मासिक रुपमा हुने बचत संकलन, ऋण लगानी तथा असुलीको स्पष्ट हिसावकिताब/लेखा राख्न सिकाउने ।
- अपाङ्गता रोकथाम र पुनर्स्थापना सम्बन्धी विषयमा समूहका सदस्यहरुलाई जानकारीमूलक कार्यक्रम संचालन गर्ने ।
- मासिक रुपमा समूहको प्रगति प्रतिवेदन बनाई पालिकाको कार्यालय र वडा कार्यालय बुझाउने ।
- स्थानीय स्तरमा सञ्चालित विभिन्न आयमुलक तथा लघुउद्यम सम्बन्धी कार्यक्रमहरुमा समन्वय तथा सम्पर्क स्थापना गर्नमा समूहलाई सहजीकरण गर्ने ।
- समुहका सदस्यहरुलाई राज्यबाट उपलब्ध हुने आर्थिक एवं सामाजिक सेवाहरु लिन सहजीकरण गर्ने ।
- घर, विद्यालय, सार्वजनिक स्थलहरु अपाङ्गता मैत्री बनाउनका लागि समूहका सदस्यहरुसँग मिलेर सम्बन्धित पक्षहरुसँग छलफल तथा पैरवी गर्ने ।
- टोल मिलिजुली समूह, वडा मिलिजुली समूह तथा अपाङ्गता भएका व्यक्तिहरुका संस्थाहरुका बीचमा पारस्परिक समन्वय र सम्बन्धलाई विकसित गर्न सहयोग गर्ने ।

**१०. क्षमता अभिबृद्धि र सशक्तिकरण**

जिविकोपार्जन कार्यक्रम लगायत अन्य कार्यक्रमहरु संचालन गर्न सक्रिय, व्यवस्थित र प्रभावकारी संस्थारसमुह आवश्यक हुन्छ । अपाङ्गता भएको व्यक्तिहरुको संस्था, वडा तथा टोल मिलिजुली समूहहरुको आवश्यक क्षमता विकास र सशक्तिकरणका लागि समुह गतिशीलता, नेतृत्व विकास, ब्यबस्थापन आदि विषयमा आवश्यक क्रियाकलापहरु सञ्चालन गरिने ।

## ११ बिविध

(क) यो कार्यविधि प्रदेश सरकार सामाजिक विकास मन्त्रालय प्रदेश नं १ करुणा फाउण्डेशन र राष्ट्रिय अपाङग महासंघ नेपालद्धारा संचलित अपाङ्गता रोकथाम तथा पुनर्स्थापना परियोजना कार्यान्वयनका लागि बनाइएको हो ।

(ख) यो कार्यविधि राष्ट्रिय अपाङ्ग महासंघ नेपालले कार्यान्वयन गर्नेछ । टोल वडा र पालिका स्तरमा संस्था र समुह गठन गर्दा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल वा महासंघले तोकेका प्रतिनिधि उपस्थित हुन अनिवार्य छ ।

(ग) यो कार्याविधी २०७७साल श्रवण महिना देखी लागु हुनेछ ।

(घ) यो कार्यविधिमा कुनै दुविधा भएमा सामाजिक विकास मन्त्रालय, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल, करुणा फाउण्डेसन नेपालसँग र आवश्यकता अनुसार पालिकाका प्रमुख वा अन्य कर्मचारीहरु समेतको उपस्थितिमा सम्पन्न गर्न सकिनेछ ।

अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम

..................मिलिजुली समूह, वडा नं. ..... गढी गाउँपालिका, सुनसरी जिल्ला

बैठक निर्णय पुस्तिका

बैठक नं. ........

आज मिति ......................... का दिन यस ...................... मिलिजूली समूहको बैठक समूहका ............ , श्री .................................. ज्यूको अध्यक्षतामा तपसिल बमोजिका सदस्यहरुको उपस्थितीमा बसी निम्न लिखित प्रस्तावमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| उपस्थिती | | | |
|---|---|---|---|
| क्र. स. | नाम थर | पद | दस्तखत |
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

प्रस्तावहरु:

१. ......................................................................................................

२. ......................................................................................................

३. ......................................................................................................

निर्णयहरु:

अध्यक्षको दस्तखतः ....................................... मितिः ......................